# प्रदेश सभा सदस्य समानुपातिक निर्वाचन (दोस्रो संशोधन) निर्देशिका, २०७४

निर्वाचन आयोगबाट स्वीकृत मिति : २०७४।०८।२०

प्रदेश सभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका, २०७४ लाई संशोधन गर्नु वाञ्छनीय भएकोले,

प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ८० ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले यो निर्देशिका बनाई लागू गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस निर्देशिकाको नाम "प्रदेश सभा सदस्य समानुपातिक निर्वाचन (दोस्रो संशोधन) निर्देशिका, २०७४" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. प्रदेश सभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका, २०७४ को दफा ३८ मा संशोधन : प्रदेश सभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका, २०७४ (यसपछि "मूल निर्देशिका" भनिएको) को दफा ३८ को,-

(१) उपदफा (३) पछि देहायको उपदफा (३क) थपिएको छ :-

"(३क) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफा बमोजिम कुनै निर्वाचन क्षेत्रको लागि निर्वाचन प्रतिनिधि नियुक्त नभएको अवस्थामा समानुपातिक निर्वाचन प्रणाली तर्फको मतगणनाको प्रयोजनको लागि दलको जिल्लास्तरीय कार्यसमितिको प्रमुखले उपदफा (२) बमोजिमको योग्यता पुगेको व्यक्तिलाई अनुसूची-३४क. बमोजिम निर्वाचन प्रतिनिधि नियुक्त गर्न सक्नेछ ।"

(२) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छ :-

"(४) उपदफा (३) बमोजिम नियुक्त भएको निर्वाचन प्रतिनिधिलाई निर्वाचन अधिकृतले तथा उपदफा (३क) बमोजिम नियुक्त भएको निर्वाचन प्रतिनिधिलाई सम्बन्धित निर्वाचन क्षेत्रको निर्वाचन अधिकृतले अनुसूची-३५ बमोजिमको परिचयपत्र दिनु पर्नेछ ।

(३) उपदफा (४) पछि देहायको उपदफा (४क) थपिएको छ :-

"(४क) उपदफा (३क) बमोजिम नियुक्त भएको निर्वाचन प्रतिनिधिले समानुपातिक निर्वाचन प्रणाली तर्फको मतगणनामा दलको तर्फबाट आफैंले प्रतिनिधित्व गर्न वा सो प्रयोजनको लागि मतगणना प्रतिनिधि नियुक्त गर्न सक्नेछ ।"

निर्वाचन आयोग,नेपाल

(४) उपदफा (५) मा रहेका "यस दफा बमोजिम" भन्ने शब्दहरुको सट्टा "उपदफा (३) बमोजिम" भन्ने शब्दहरु राखिएका छन् ।

३. <u>मूल निर्देशिकाको अनुसूचीमा संशोधन</u> : मूल निर्देशिकाको,-

(१) अनुसूची-३४ पछि यसैसाथ संलग्न अनुसूची-३४क. थपिएको छ ।

(२) अनुसूची-३५ को सट्टा यसैसाथ संलग्न अनुसूची-३५ राखिएको छ ।

निर्वाचन आयोग, नेपाल

"अनुसूची-३४क.

(दफा ३८ को उपदफा (३क) सँग सम्बन्धित)

श्री निर्वाचन अधिकृत,

प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं......

प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नं ......

...................जिल्ला ।

विषय : निर्वाचन प्रतिनिधि नियुक्ति गरेको जानकारी ।

प्रदेश सभा सदस्यको निर्वाचनमा ................. जिल्ला प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं. ......... अन्तर्गत प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नं. ..... को समानुपातिक निर्वाचन प्रणाली तर्फको मतगणनामा ................................ दलको तर्फबाट आफैंले प्रतिनिधित्व गर्न वा मतगणना प्रतिनिधि नियुक्त गर्नका लागि देहायको व्यक्तिलाई निर्वाचन प्रतिनिधि नियुक्त गरिएको छ । निजले समानुपातिक निर्वाचन प्रणाली तर्फको मतगणनाका सम्बन्धमा यस दलको निर्वाचन प्रतिनिधिको रुपमा गरेको काम कारबाहीमा यस दलको मञ्जुरी छ ।

निर्वाचन प्रतिनिधि नियुक्त भएको व्यक्तिको,-

पूरा नाम, थर :

ठेगाना :

मतदाता नं. :

टेलिफोन/मोबाइल नं. :

इमेल ठेगाना :

दस्तखत नमूना :

दलको तर्फबाट अधिकार प्राप्त व्यक्तिको,-

सहीछाप :

पूरा नाम, थर :

पद :

ठेगाना :

दलको छाप

निर्वाचन आयोग नेपाल

अनुसूची-३५

(दफा ३८ को उपदफा (४) सँग सम्बन्धित)

निर्वाचन अधिकृतको कार्यालय

……………………

…………………………

<u>निर्वाचन प्रतिनिधिको परिचयपत्र</u>

| निर्वाचन प्रतिनिधिको दुवै कान देखिने पासपोर्ट साइजको फोटो |
|---|

निर्वाचन प्रतिनिधिको पूरा नाम थर :………………………………
ठेगाना : ……………………………………………………
मतदाता नं. : ………………………………………………
दलको नाम : ……………………………………………………
कार्यक्षेत्र : निर्वाचन आयोग/प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं. … अन्तर्गतको प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नं. ……….
मिति : ……………………………………………………………

………………………
निर्वाचन अधिकृत”

निर्वाचन आयोग, नेपाल